म.जि. प्र. का. द.नं. : १०६/०६८,    वर्ष ११,   अंक १२५    सोमबार,   २७   मंसिर २०७८    दशमी    ने. सं. ११४२ थिंलाथ्व    13 December, 2021    www.sajhakuranews.com    पृष्ठ संख्या ४    मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

यौन दुराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बढ्यो अनियमितता र भ्रष्टाचार

# अख्तियार हेटौंडामा पाँच महिनामै नौ सय १७ उजुरी

साझाकुरा संवाददाता

हेटौंडा/अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौँडामा चालू आर्थिक वर्ष २०७८/०७९ को हालसम्म अर्थात विगत पाँच महिनामा नौ सय १७ वटा उजुरी दर्ता भएको छ ।

आयोगको कार्यालयको प्रतिवेदनअनुसार चालु आर्थिक वर्ष २०७८/७९ को साउनदेखि मंसिर २० गतेसम्ममा परेकोमध्ये ३३० फछ्र्यौट भएको छ भने ५८७ वटा उजुरी फछ्र्यौट हुँन बाँकी रहेको जनाइएको छ । कार्यालय प्रमुख रबीन्द्र शर्माद्वारा प्रस्तुत प्रतिवेदनमा ११ जिल्लाकार्य क्षेत्र रहेको सो कार्यालयमा बारा जिल्लाको सबैभन्दा बढी उजुरी परेको उल्लेख छ ।

बिगत पाँच महिनामा परेको कुल उजुरीमध्ये बाराबाट २४९, पर्साबाट १८७, मकवानपुरबाट १७३, रौतहटबाट १६०, चितवनबाट ९०, दोलखाबाट १६, धादिङबाट १५, काभ्रेपलान्चोकबाट १२, रामेछापबाट १२, सिन्धुपाल्चोकबाट दुई र नुवाकोटबाट एक उजुरी परेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

भ्रष्टाचार एवम् अनियमितताका सम्बन्धमा सबैभन्दा बढी बाराको २४९ उजुरी परेको छ भने मन्त्रालयगतअनुसार संघीय मामिलाको (स्थानीय तह)को सबैभन्दा बढी ४४४ उजुरी परेको कार्यालयका प्रमुख शर्माले जानकारी दिए । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल, हेटौंडा उपमहानगर पालिकाका प्रमुख हरिवहादुर महत र अख्तियार हेटौंडाका सिनियर डिभिजन अधिकृत मोहनदत्त भट्ट र उपसचिव विष्णुप्रसाद सापकोटा-लगायतले भष्टाचारविरुद्ध मन्तव्य व्यक्त गरेका थिए ।



चालु आर्थिक वर्ष २०७८/७९ को साउनदेखि मंसिर २० गतेसम्म ३३० उजुरी फछ्र्यौट र ५८७ वटा उजुरी फछ्र्यौट हुन बाँकी रहेको छ ।

१५ जिल्ला कार्यक्षेत्र रहेको कार्यालयमा आर्थिक वर्ष २०७०/०७१ देखि गत आर्थिक वर्ष २०७७/०७८ सम्ममा १० हजार ३ सय ७० वटा उजरी दर्ता भएको थियो । कार्यालयको तथ्यांक अनुसार आठ वर्ष अवधिमा सबैभन्दा बढी आव २०७१/०७२ मा २ हजार २ सय ९८ उजुरी परेका थिए । ती मध्ये १ हजार ४ सय ३४ फछ्र्यौट र ८ सय ६४ बाँकी रहेको थियो । २०७१/०७२ मा कार्यालयले ६२ दशमलव ४ प्रतिशत उजुरी फछ्र्यौट गरेको थियो ।

सोहि अवधिमा सबैभन्दा कम आव २०७०/०७१ मा सबैभन्दा कम ३९ दशमलव ७ प्रतिशत मात्र उजुरी फछ्र्यौट गरिएका छन् । २०७०/०७१ मा दर्ता भएका २ हजार ५५ उजुरीमध्ये ८ सय १५ फछ्र्यौट र १ हजार २ सय ४० बाँकी रहेको तथ्यांकमा उल्लेख छ । आव २०७२/०७३ मा १ हजार ३ सय ५ दर्ता, १ हजार २४ फछ्र्यौट र ३ सय ६१ बाँकी, २०७३/०७४ मा ७ सय ९८ दर्ता भएका उजुरी मध्ये ५ सय २७ फछ्र्यौट र २ सय ६१ बाँकी रहेको थियो । हेटौंडामा अख्तियारको कार्यालय स्थापनापछि २०७४/०७५ मा दर्ता भएका उजुरी संख्या हालसम्मकै न्यून छ ।

कार्यालयका अनुसार २०७४/०७५ मा ६ सय ७९ उजुरी दर्ता भएको थियो । त्यस अवधिमा ४ सय फछ्र्यौट र २ सय ७९ बाँकी रहेको जनाइएको छ । आव २०७५/०७६ मा १ हजार १ सय उजुरीमध्ये ७ सय ७१ फछ्र्यौट, २०७६/०७७ मा १ हजार १ सय २६ मध्ये ७ सय ८ फछ्र्यौट र २०७७/०७८ मा ९ सय २९ दर्ता, ५ सय १६ फछ्र्यौट गरिएको कार्यालयले जनाएको छ ।

आठ वर्ष अवधिमा अनियमितता, भ्रष्टाचार, किर्ते, अधिकार दुरुपयोगका उजुरीहरु दर्ता भएको कार्यालयका प्रवक्ता विष्णु सापकोटाले बताए । गत आर्थिक वर्ष २०७७/०७८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले ३१ लाख ८७ हजार ८ सय ६८ रुपैयाँ असुलउपर गरेको छ ।

कार्यालयले अनुसन्धान भएका उजुरीहरुको प्रारम्भीक एवम् विस्तृत अनुसन्धानबाट व्यक्ति र संस्थाबाट सार्वजनिक सम्पत्ति र कमको पुन: प्राप्ती स्वरुप असुलउपर गरिएको जनाएको छ । कार्यालयमा गत आव २०७७/०७८ ९ सय २९ वटा उजुरी दर्ता भएको छ । दर्ता भएका उजुरी मध्ये ५५ दशमलव ५४ प्रतिशत फछ्र्यौट गरिएको छ । बितेको आर्थिक वर्षमा अनुसन्धान गरेर ५ सय १६ वटा उजुरीको फछ्र्यौट भएको आयोगको हेटौंडा कार्यालयका सूचना अधिकारी सापकोटाले जानकारी दिए ।

दर्ता भएका उजुरी मध्ये सबै भन्दा धेरै स्थानीय तहसम्बन्धि ५ सय १८ वटा उजुरी परेका छन् । तीमध्ये २ सय ६७ को फछ्र्यौट र २ सय ५१ वटा बाँकी रहेका छन् । त्यसैगरी संघीय सरकार अन्तर्गतका कार्यालयको वितेको आर्थिक वर्षमा २ सय ३९ वटा उजुरी परेका छन् । त्यस मध्येमा १ सय ५३ वटा उजुरीको फछ्र्यौट गरिएको छ । ८६ वटा उजुरी बाँकी रहेका छन् । प्रदेश स्तरका मन्त्रालय र कार्यालयको १ सय ७२ वटा उजुरी परेको छ ।

त्यस मध्यमा ९६ वटा उजुरीको फछ्र्यौट भएको र बाँकी ७६ वटा रहेको छ । कार्यालयमा परेका उजुरी मध्ये रौतहटबाट ११, बाराबाट ३ सय ४, पर्साबाट १ सय ९६, दोलखाबाट १७, सिन्धुपाल्चोकबाट ८, रसुवाबाट २, धादिङबाट २७, नुवाकोटबाट ५, काठमाडौंबाट २, भक्तपुरबाट १, काभ्रेपलान्चोकबाट ९, रामेछापबाट २९, धनुषाबाट १ र चितवनबाट ९७ वटा उजुरी परेको उनले बताए ।

## एमाले बागमती प्रदेश अध्यक्षमा पाण्डे चयन



साझाकुरा संवाददाता

हेटौंडा/प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले सात वटै प्रदेशमा अध्यक्ष तोकेको छ ।

एमालेको भक्तपुरमा जारी केन्द्रीय कमिटी बैठकमा प्रदेश अध्यक्षका लागि अध्यक्ष केपी शर्मा ओलीले सात जनाको नाम पढेर प्रस्ताव गरेपछि पारित भएसँगै पद तोकिएको हो ।

एमालेको प्रदेश १ को अध्यक्षमा तुलसी न्यौपाने, २ को अध्यक्षमा रामअवतार यादव, बागमतीको अध्यक्षमा केशवराज पाण्डे, गण्डकीको नवराज शर्मा, लुम्बिनीको अध्यक्षमा राधाकृष्ण कँडेल, कर्णालीको विनोदकुमार शाह र सुदूरपश्चिम प्रदेश अध्यक्षमा दामोदर भण्डारी रहेका छन् ।

त्यस्तै उपत्यकाका विशेषमा प्रेम पराजुली छन् । एमालेले यसअघि ४४ जना केन्द्रीय सदस्य मनोनीत गरेको छ । आइतबार बसेको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी ओलीले विधानअनुसार १० प्रतिशत केन्द्रीय कमिटी सदस्य मनोनयनका लागि ४४ जना नेताको नाम प्रस्ताव गरेका थिए ।

सबैलाई केन्द्रीय कमिटी बैठकले मनोनीत गरेको हो । विधानअनुसार खुला २०, महिला १५ जना र पार्टी एकताको प्रक्रियाबाट ९ जना मनोनीत गरिएको एमालेले जानकारी दिएको छ ।

एमालेले आइतबारनै ४५ सदस्यीय स्थायी समिति र ९९ सदस्यीय पोलिटब्यूरो कमिटीसमेत गठन गरेको छ ।

## लागूऔषधसहित एकैदिन चार पक्राउ

साझाकुरा संवाददाता



हेटौंडा/जिल्ला प्रहरी कार्यालय मकवानपुरले शनिबार अबैध लागूऔषध गाँजा र खैरो हिरोइनसहित विभिन्न स्थानबाट चार जनालाई पक्राउ गरेको छ ।

प्रहरीका अनुसार जिल्लाको पश्चिमी क्षेत्र मनहरी गाउँपालिका-९ मा पर्ने पूर्व-पश्चिमी राजमार्ग अन्तर्गत पर्ने जयसिंङबाट ३५ किलो ४ सय ग्राम गाँजासहित २ जनालाई शनिबार पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा सर्लाही लालबन्दी नगरपालिका-५ का २२ वर्षीय किरण घिमिरे र सोही ठाउँ बस्ने सिन्धुली हरिहरपुरगढी गाउँपालिका-७ का २५ वर्षीय आकाश तामाङ थिङ रहेको प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए । मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको ना.४५ च २३६१ नम्बरको गाडी जाँच गर्ने क्रममा गाँजासहित गाडी चालक घिमिरे र गाडीमा सवार थिङलाई पक्राउ गरेको प्रहरी जनाएको छ ।

हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटेबाट ५ ग्राम २ सय ८० मिलिग्राम खैरो हेरोइनसहित चितवन रत्ननगर नगरपालिका-२ टाँडीका ५२ वर्षीय नारायण खड्कालाई पनि शनिबारनै प्रहरीले पक्राउ गरेको थियो । वीरगन्जबाट काठमाडौंतर्फ जाँदै गरेको ना.५ ख ४८०२ नम्बरको बसलाई प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार खड्कालाई खैरोहिरोइनसहित फेला पारेको प्रनाउ रिमालले बताए ।

प्रहरी हेटौंडा उपमहा-नगरपालिका-११ सहिद स्मारक गेट नजिकबाट १ ग्राम २ सय मिलिग्राम खैरो हेरोइनसहित चितवन राप्ती नगरपालिका-७ का ३५ वर्षीय अर्जुन अधिकारीलाई पक्राउ गरेको छ ।




## हेटौंडा-१४ मा ९० लाखमा स्ल्याब ढलान निर्माण सुरु

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका–१४ कालोपानी गुम्बा जाने बाटोमा स्ल्याब ढलान कार्य सुरु गरिएको छ ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणी पौडेलले आइतबार ढलानको शिलान्यास गरेका छन् । बागमती प्रदेशको ४० लाख बजेट र उपभोक्ता स्रोतलगायतबाट करिब ४९ लाख ९९ हजार लागतमा निर्माण हुन लागेको ६ मिटरको ढलान २०७९ चैत मसान्तसम्म सम्पन्न गर्ने गरी सुरु गरिएको हो ।

ढलानको लम्बाई ४ सय ६५ मिटर हुने उपभोक्ता समितिका अध्यक्ष ईमानसिं मुक्तानले जानकारी दिए । सडक शिलान्यास गर्दै पूर्वमुख्यमन्त्री पौडेलले प्रदेश सरकार आइसकेपछि विकासले फड्को मारेको बताए । उनले नेतृत्व सबल भए विकासको काम धेरै हुन सक्ने दाबी गर्दै विकासका योजनाहरु ल्याउने काममा आफु सँधै लागिपर्ने बताए ।

पौडेलले अहिले सरकारमा जोसुकै आएपनि चुरीफुरि एक वर्षको चुनावमा नेकपा एमालेको बहुमतले देखाउने दाबी गरे ।

## कर्मचारी आवश्यकता


नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशलि:
वेटर- १ जना,
कुक- १ जना,
हेल्पर १ जना

तलब/सुबिधा: आपसी समझदारीमा तय गरिनेछ ।

होटल म्याक्स
हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७




पत्रिका नआएमा तुरुन्त ०५७-५२१११५ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।
हामी तपाईंको घरदैलोमा पत्रिका पुऱ्याउने छौं ।

## हाम्रो कुरा

# डिनाको फड्को

नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा मकवानपुरे नेतृ महालक्ष्मी डिना उपाध्याय सहमहामन्त्रीको उम्मेदवार बनेकी छन् । करिब चार दशकदेखि कांग्रेसको सक्रिय राजनीतिमा क्रियाशील एक महिला नेतृ सहमहामन्त्रीको उम्मेदवार हुनु राजनीतिक तवरमा फड्को मार्न सकिन्छ । उनी कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेर बहादुर देउवा प्यानलबाट महिलातर्फ सहमहामन्त्रीको उम्मेदवार बनेकी हुन् । उनी २०६३ सालदेखि कांग्रेस केन्द्रीय सदस्यमा रहेका काम गर्दै आएकी छन् । डिनाले आफ्नो उम्मेदवारी घोषणा गरेसँगै आफ्ना एजेन्डाहरु पनि सार्वजनिक गरेकी छन् । नेपाली कांग्रेसको सिद्धान्त र आर्दशलाई गन्तव्यमा पुऱ्याउने पहिलो प्राथमिकता रहेको उनको एजेन्डामा उल्लेख छ । नेपाली कांग्रेसले चाहेको र नेतृत्वले दिएको विचार र जिम्मेवारीलाई निर्णायक तहमा पुऱ्याउने उनको योजना छ ।

नेपाली कांग्रेसको राजनीतिमा लागेकी डिना उपाध्याय विभिन्न कालखण्डमा जेल जीवनदेखि राज्यमन्त्रीसम्म बनेकी छन् । राजनीतिक पृष्ठभूमिकी डिनाका हजुरबुवा उदयनाथ अधिकारी नेपाली कांग्रेस चितवनका संस्थापक सभापति थिए । डिना मात्र होइन उनका दाजुदिदीहरु पनि नेविसंघको सक्रिय राजनीतिमै थिए । जव डिना काठमाडौंको पद्मकन्या क्याम्पस भर्ना भइन् त्यो बेला नेपालमा पञ्चायत विरुद्धको आन्दोलन चलिरहेको थियो । नेपाली कांग्रेसले आन्दोलनको नेतृत्व गरिरहेको थियो । उक्त आन्दोलनमा डिना पनि सकृय भएर लागेकी थिइन् । पञ्चायत शासनको अन्त्य र प्रजातन्त्र पुनर्बहालीको आन्दोलनमा डिना सकृय भइन् । २०४२ सालमा नेपाली कांग्रेसले आह्वान गरेको सत्याग्रहमा पनि अग्रपन्थिमा रहेर काम गरेको अनुभव उनीसँग छ । सत्याग्रहमा लागेका बेला उपाध्याय जेलमा समेत परेकी थिइन् । जेलमा रहँदा गिरीजा प्रसाद कोइराला, नोना कोइराला, सुशिल कोइराला र शैलजा आचार्यलगायतका नेताहरुसँग उनको भेट भएको थियो ।

जेलमै रहँदा महिलाका हिंसा र महिलामाथि हुने विभेदबारे नजिकबाट बुझ्ने अवसर उनलाई मिलेको थियो । फरकफरक स्थानमा उपाध्यायका हजुरबुवा, हजुरआमा, मामासमेत गरी १२ जना आफन्त जेलमा रहेका थिए । जेलबाट बाहिर निस्किएपछि उनी फेरी राजनीतिमै सकृय भइन् । जेलमा छँदा शैलजा आचार्यको स्कुलिङ र गिरिजाप्रसाद कोइरालालगायतका नेताहरुको विचारबाट प्रभावित उनी अझ जिम्मेवार ढंगले अघि बढिन् । फलत: २०४३ सालमा पद्मकन्या क्याम्पसको स्ववियु अध्यक्ष निर्वाचित भइन् । उनको राजनीतिक यात्रा अगाडी बढ्दै गर्दा २०४८ साल र २०५१ सालमा मकवानपुर जिल्लाको क्षेत्र नं. २ बाट दुई पटकसम्म संसदीय निर्वाचनमा कांग्रेसको तर्फबाट उम्मेदवारी दिए पनि दुबै पटक उनी पराजित भइन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर २८ गते मंगलबार १४ डिसेम्बर २०२१ । मार्ग शुक्ल एकादशी । थिंलाथ्व एकादशी ११४१ । सूर्योदय ६:४६ र सूर्यास्त ५:१० मा हुनेछ । मोक्षदा एकादशी व्रत/गीता जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : आफन्तजन भेट |
| वृष | : धन प्राप्ति | वृश्चिक | : भित्रजन भेट |
| मिथुन | : शत्रुबाट मुक्त | धनु | : प्रेममा सफलता |
| कर्कट | : धन नष्ट | मकर | : शुभ कार्यको थालनी |
| सिंह | : मिष्ठान्न भोजन | कुम्भ | : सुख प्राप्ति |
| कन्या | : आलश्यता | मीन | : यात्राको योग |

# शेखर बन्लान् त सभापति ?



भुवन न्यौपाने



**कांग्रेसलाई सुधार गर्न र यसप्रति कांग्रेस वृत्तभन्दा बाहिरको समुदायलाई पनि जोड्न कोइराला नै नेतृत्वमा आउनुपर्ने धेरैको चाहना देखिन्छ । के कोइराला कांग्रेस सभापति बन्लान् ? के छन् उनका अनुकूलताहरु ?**

नेपाली कांग्रेसको जारी चौधौं महाधिवेशनमा निर्वाचन प्रक्रिया सुरु भएको छ । शनिबार उम्मेदवारहरुको मनोनयन भएको छ । आज (सोमबार) निर्वाचन हुँदैछ । अघिल्लो निर्वाचनमा पराजित भएपछि कांग्रेसमा दूरदर्शी र चलायमान नेतृत्वको खोजी भएको थियो । त्यसैले यस महाधिवेशनबाट आउने नेतृत्वले शाख ब्युँत्याउने अपेक्षा कार्यकर्ताको छ । राणा शासनको अन्त्यदेखि संविधानसभाबाट संविधान जारी गर्दासम्मका सबै प्रमुख परिवर्तनमा नेतृत्वदायी भूमिका खेलेको कांग्रेसबाट जनताले पनि विकास, सुशासन र समृद्धिको अपेक्षा राखेका छन् ।

तल्लो तहदेखि नै संस्थापन र इतर समूहबीच कडा प्रतिस्पर्धा भएकाले केन्द्रीय निर्वाचन पनि रोचक हुने अनुमान गर्न सकिन्छ । तेह्रौं महाधिवेशनदेखि नेतृत्व समालिरहेका सभापति देउवाले पाँचौं पटक प्रधानमन्त्रीका रुपमा देशको नेतृत्व गरिसकेका छन् । तर, आफ्ना दुवै भूमिकामा उनी खरो उत्रिन नसकेको अरोप लाग्दै आएको छ ।

त्यसैले कांग्रेसभित्र गुणात्मक परिवर्तनको अपेक्षा राख्नेहरुले उनको सम्मानजनक बिदाइको आवश्यकता व्यक्त गरेका छन् । सभापति देउवा आफैंमा शक्तिशाली देखिन्छन् । तल्ला तहमा भएको अधिवेशनबाट त्यसको झल्को देख्न सकिन्छ । अर्कोतिर, उनी प्रधानमन्त्रीको कुर्सीमा पनि छ । त्यसको अनुकूलता पनि उनैलाई छ । जे होस्, सभापतिका लागि देउवासँग प्रतिस्पर्धा गर्न केही नेता अघि सरेका छन् । तर मुख्य प्रतिस्पर्धा शेखर कोइरालासँगै हुने आकलन गर्न सकिन्छ । कांग्रेसलाई सुधार गर्न र यसप्रति कांग्रेस वृत्तभन्दा बाहिरको समुदायलाई पनि जोड्न कोइराला नै नेतृत्वमा आउनुपर्ने धेरैको चाहना देखिन्छ । के कोइराला कांग्रेस सभापति बन्लान् ? के छन् उनका अनुकूलताहरु ?

**१. विधानको पालना र नेतृत्वको कार्यशैलीमा सुधार**

महाधिवेशनको पूर्वसन्ध्यामा पार्टीभित्र नीतिभन्दा पनि नेतृत्वको बहसले प्राथमिकता पाएको छ । कोइराला पनि स्वीकार गर्छन्, अन्य दलमा जस्तै कांग्रेसमा पनि गुट र उपगुटहरू छन् । यी समूह पार्टीको नीति, विधि र विचार भन्दा पनि नेतृत्वका विषयमा बढी केन्द्रित भएका देखिन्छन् । कोरोना महामारी पश्चात मुलुकले सामना गरेको स्वास्थ्य, मानवीय र आर्थिक संकट, राजनीतिक अस्थिरताले निम्त्याएको संवैधानिक संकट र वर्तमान संविधानको कार्यान्वयनसँगै जनअपेक्षालाई समयमै सम्बोधन गर्न पार्टीको नीति र नेतृत्व दुवै चलायमान हुनु पर्दछ भन्नेमा कोइरालाको मुख्य जोड रहेको छ । यसर्थ पनि कांग्रेसको भावी नेतृत्व सक्षम, प्रतिवद्ध र लोकप्रिय हुनु जरुरी छ ।

**भुवन न्यौपाने**

कांग्रेसलाई समयानुकूल सुदृढीकरणमा मुख्य जोड दिँदै पार्टीका विधान र कार्यशैलीका बारेमा कोइरालाले पार्टीका आन्तरिक छलफल, सञ्चार माध्यममा प्रश्न उठाउँदै आएका छन् । विधि र विधानलाई शतप्रतिशत लागू गर्दै नेतृत्वदेखि आमकार्यकर्तासम्म सभ्य, सु-सस्कृत र सक्षम कार्यशैलीलाई अवलम्वनमा प्रतिबद्धता व्यक्त गर्दछन् । कानुनी राज्यको परिपालनाका लागि पार्टीको विधान र संविधानभन्दा बाहिर गएर गरिएका कुनै पनि कार्य वैध हुन सक्दैनन् भन्ने उनको दृढ संकल्प देखिन्छ ।

कोइरालाका अनुसार पार्टीलाई शुद्धीकरण र सुदृढीकरण गर्न केन्द्र, जिल्ला, र गाउँ तहसम्म विचार सिद्धान्त र एजेण्डामा आधारित वैचारिक जागरण अभियान सुरु गर्न जरुरी छ । पार्टीका तलदेखि केन्द्रसम्मका पदाधिकारीहरुलाई जिम्मेवार गराउन आमकार्यकर्ताको निरन्तर खवरदारी जरुरी रहेको कोइरालाले प्रष्ट पारेका छन् ।

**२. ७७ वटै जिल्लाका कार्यकर्ताबिच लोकप्रिय**

नेपाली कांग्रेसको पोखरा महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भएदेखि नै कोइराला पूर्व मेचिदेखि पश्चिम महाकाली र हिमाल, पहाड तराईसम्मका जिल्लाहरुमा कार्यकर्ताहरुमाझ सुख दु:खमा सक्रिय सहभागी रहेका तस्विरहरु प्रशस्तै देखिन्थे। उनी पछिल्लो समय चुनावमा पराजित कार्यकर्ताहरूको मनोबल बढाउन होस् या उनीहरुको सुख दु:खमा साथ दिन जिल्ला-जिल्ला पुगे । सरल र सफदयी रुपमा प्रस्तुत हुने कोइरालालाई धेरै कांग्रेसीले भावी नेता र अभिभावकको रुपमा हेरिरहेका छन् ।

तेह्रौं महाधिवेशनमा बीपी पुत्र डा शशांक कोइरालाले महामन्त्री बन्ने इच्छा राखेका कारण उनले त्याग गरे । उनलाई जिताउन पनि भूमिका खेले । त्यही त्यागका कारण परिवार भित्र इमान्दार सदस्यका रुपमा चिनिए । कोरोना महामारीको संकटपूर्ण समयमा होस या त मुलुकमा बाढी, पहिरो, आगलागी जस्ता मानवीय, भौतिक र वातावरणीय क्षतिका समयमा आम कार्यकर्ताका घरदैलोमै पुगेर उनीहरुका दु:ख, गुनासा र समस्याहरुलाई सम्बोधन गर्न पार्टीका जिम्मेवार सदस्यहरुसँग पनि उनले पहल गरेका प्रशस्त उदाहरण छन् ।

कांग्रेसको चौधौं महाधिवेशबाट पार्टीको सभापतिमा सबैभन्दा उपयुक्त नेतृत्व को भन्ने विभिन्न सर्वेक्षण, सञ्चारमाध्यम, सामाजिक सञ्जाल, क्रियाशील कार्यकर्ता र आमवृतमा शेखर प्रतिको सहानुभूति गौरवपूर्ण छ। पार्टीका अन्तरक्रिया, छलफल कार्यक्रम र सभामा मुलुकका अधिकांश जिल्लामा पुगेर आमकार्यकर्ताबीच उनले लोकप्रिय छवि कायम गराएका छन् ।

**३. एक व्यक्ति एक पदमा प्रतिबद्धता**

कोइरालाले सभापतिको उम्मेदवावारी घोषणा गरेदेखि नै पार्टीमा एक व्यक्ति एक पदको सिद्धान्तप्रति प्रतिबद्ध रहने बताउँदै आएका छन् । उनले आफू एक कार्यकालका लागि मात्र सभापति हुने र प्रधानमन्त्रीमा दाबी नगर्ने बताउँदै आएका छन् । उनको यो प्रतिबद्धताले पार्टीका सबै तहमा कृयाशील सदस्यहरुलाई जिम्मेवार गराउनका लागि महत्त्वपूर्ण भूमिका समेत खेल्ने देखिन्छ । पार्टी सभापति र प्रधानमन्त्री एउटै व्यक्ति हुदा नेपाली कांग्रेस र अरु पार्टीको इतिहासमा विग्रहका घटना भएको हाम्रो इतिहास साक्षी छ । नेतृत्वमा सन्तुलन र नियन्त्रण हुन नसक्दा निरंकुशता हाबी हुने प्रवृत्ति नेपाली राजनीतिका लागि नौलो होइन । त्यसैले गर्दा कोइरालाले सामूहिक नेतृत्वमा पार्टी चलाउने प्रतिबद्धता जनाएका छन् ।

एक व्यक्ति एक पदको नीतिले पार्टी विधान अनुरुप नै सबै कार्यकर्ताहरुलाई कांग्रेसप्रति जिम्मेवार भएर कार्य गर्ने प्रेरणा दिने उनको विचार हो । विगतका विकृत परम्परालाई तोड्दै, समयानुकूल कांग्रेस नेतृत्वमा नयाँ प्रयोग गर्न शेखरले अदम्य साहस गरेका छन् । उनी अहिलेसम्म कुनै पनि उच्च तहको जिम्मेवार पदमा बसेर परीक्षण त भएका छैनन् ।

सरकार र पार्टीको नेतृत्व तहमा बसेर काम गरेको अनुभव उनमा छैन भन्ने आरोप लाग्ने गरेको छ । तर पनि उनको जस्तो सक्रियता र प्रतिबद्धता अन्य आकांक्षीमा देखिँदैन । पार्टी सभापतिका रुपमा कांग्रेसको साख बचाउने र पार्टीलाई पुनर्ताजकीकरण गराउने लक्ष्य राखेकाले नै उनले कहिल्यै कुनै पदसँग बार्गेनिङ गरेनन् । यस किसिमको स्पष्ट व्यवहार आम कार्यकर्ताहरुले रुचाएका पनि छन् ।

**४. नेतृत्वमा पुस्तान्तरण र पार्टीमा रुपान्तरण**

बीपी कोइरालाको विचार, गणेशमान सिंहको दृढता, किसुनजीको सादगी र त्याग, सुवर्ण शमशेरको त्याग र उदारता, गिरिजाप्रसाद कोइरालाको शाहस र सुशील कोइरालाको सरलताले जनतामा कांग्रेसको जग बलियो बनाएको हो, भन्ने वैचारिक दृष्टिकोण पनि कोइरालाले बारम्बार प्रस्तुत गरेका छन् । अग्रजहरुको सम्मान, समयानुकूल युवा पुस्तामा नेतृत्व, सबैको सहयोग र सक्रियताले मात्रले पार्टी बलियो हुन सक्ने उनको धारणा छ ।

पार्टीमा युवा पुस्ताको आकर्षण ह्वातै बढेको छ । वडा, नगर, क्षेत्र र जिल्लालगायत अधिवेशनमा उल्लेख्य संख्यामा युवाहरु निर्वाचित भएको सन्दर्भमा पार्टीको पुस्तान्तरण पनि व्यापक रुपमा दबाब सृजना भएको छ । युवा उमेरले मात्र होइन युवा मानसिकताले काम गर्ने नेतृत्व कांग्रेसलाई अहिले चाहिएको छ । यसै महाधिवेशनबाट कांग्रेसमा पुस्तान्तरण सहितको रुपान्तरण हुने कुरामा उनी विश्वस्त देखिन्छन् ।

राजनीतिक विश्लेषक पुरञ्जन आचार्यका अनुसार कांग्रेसमा पछिल्लो युवा पुस्ताको चाहना पनि समयानुकूल पार्टी पुस्तान्तरण हुनुपर्दछ भन्ने छ । उनको सक्रियता र ऊर्जा देखेर नै होला कांग्रेसका युवा भविष्यका नेता शेखरसँग जोडिन पुगेका छन् । भावी सभापतिका रुपमा शेखरलाई समर्थन गर्दै पार्टीमा पुस्तान्तरण सहितको रुपान्तरणमा जोड पनि छ । शेखरले युवाहरुको जोश जागर, क्षमतालाई पार्टी रुपान्तरणमा उपयोग गर्न चाएका छन् ।

**५. कोइराला परिवारको सशक्त उत्तराधिकारी**

नेपाली कांग्रेसको स्थापना नै कोइराला परिवारका सदस्यहरुबाट भएका कारण यस पार्टीमा स्वाभाविक रुपमा नै कोइराला परिवारको योगदान, सहभागिता र आत्मियता थपिएको हो । नेपाललाई राणाहरुको निरंकुशताबाट मुक्त गर्नुपर्छ भन्ने शिक्षा बीपीले पिताजी कृष्णप्रसाद कोइरालाबाट पाए । भारतमा महात्मा गान्धीले स्वतन्त्रता संग्रामको नेतृत्व गरी रहँदा राणा सरकारले देश निकाला गरेका कृष्णप्रसाद कोइरालामा त्यसको गहिरो छाप परेको थियो ।

गान्धीबाट प्रभावित उनले आफ्ना सन्तानलाई राणा विरुद्ध लाग्न प्रेरणा दिइरहे । त्यसैको फलस्वरुप बीपीले नेपालमा राणा विरुद्ध लड्न नेपाली राष्ट्रिय कांग्रेस गठनको सपना देखे । जुन आजको नेपाली कांग्रेस स्थापनाको आधार थियो । राष्ट्रियता, लोकतन्त्र र समाजवादका प्रणेता बीपी, शान्ति प्रकृयाका निडर लिडर गिरिजाप्रसाद कोइराला साथै संविधानसभाबाट संविधान निर्माणको नेतृत्वकर्ता सुशील कोइरालासम्म आइपुग्दा देशको नेतृत्वमा कोइराला परिवारको महत्त्वपूर्ण भूमिका रहेको यथार्थ हो ।

बीपीले गिरिजालाई र गिरिजाले शेखरलाई आफ्नो जिम्मेवारी सुम्पिएको संकेतहरु देखिन्छन् । माओवादीलाई शान्ति प्रकृयामा ल्याउने बेला गिरिजाबाबुले शेखरलाई महत्वपूर्ण जिम्मेवारी दिनुले पनि त्यसको संकेत गर्छ । कांग्रेसभित्र नेतृत्वमा पुग्ने पुरानो परम्परालाई तोड्दै यतिखेर नयाँ ढंगबाट प्रस्तुत भएर सभापतिमा उठ्ने हैसियत बनाएका छन् । सभापतिमा शेखरको उम्मेदवारीले कोइराला परिवारको विरासतलाई तरंगित गर्ने शक्तिशाली कदमको रुपमा हेरिएको छ ।

**६. समन्वय, सहकार्य र नरम कार्यशैली**

शेखर पार्टीका हरेक गतिविधिहरु आपसी समन्वय र सहकार्यमा अघि बढाउनुपर्छ भन्ने पक्षमा उभिँदै आएका छन् । कोइरालाका अनुसार नेता र कार्यकर्ताबीच देखिएको अन्तर र बढेको दूरी घटाएर पार्टीभित्र कोही सानो र ठूलो भन्ने मान्यता हटाएर अघि बढ्न सक्न पर्छ भन्ने मान्यता छ । आपसी भातृत्वको भावना विकास गरी तल जनतासम्म सुमधुर सम्बन्ध कायम गर्न सबै नेता कार्यकतामा नैतिकता, समानता र सरलतापूर्ण बोली व्यवहार हुन जरुरी छ । व्यक्तिवादी चरित्र र अनुशासनहीनताको अन्त्य हुन जरुरी छ ।

चिकित्सा पेशामा हुँदा पनि उनको छवि सधै सरल र नरम रहेको नजिकबाट उनलाई चिन्नेहरु बताउछन् । कोइराला परिवारमा नोना कोइरालाका सन्तति भएर पनि राजनीतिक लाभका लागि पारिवारिक विरासतलाई उपयोग गर्न खोजेका छैनन् । बरु, नेतृत्वदायी भूमिका, सक्षमता र आम कार्यकर्ताको चाहाना अनुरुप नै सभापतिमा सशक्त भएर उभिएका छन् ।

**७. न्याय, इमान र त्याग**

सभापतिका रुपमा आफूलाई उभ्याएपछि शेखरले देश विकासको खाका तयार पारेका पनि छन् । कांग्रेसका पुराना र निष्ठावान नेता तथा कार्यकर्ताहरुलाई समेत उनले आफूभित्र अटाएका छन् । युवा नेतृत्वलाई साथमा लिएर समावेशी र सबल कांग्रेस बनाउने अभियान थालेका छन्। शेखरका अनुसार- देश विकासको महान अभियान कुनै अमुक पार्टीको घोषणापत्र र नीति तथा कार्यक्रमले मात्रै पूरा हुँदैन ।

जनताको प्रत्यक्ष सहभागिता बिना कुनै पनि विकास आयोजना पूरा हुँदैन । जनताका दु:खमा जुन नेताको मन रुँदैन, त्यस्ता दल र नेतालाई नेपाली जनताले सधै साथ दिइरहनु पर्छ भन्ने कुनै बाध्यता हुँदैन । नेतृत्वमा रहने व्यक्तिहरुको एउटै मात्र सोच र चाहना हुनुपर्छ कि देशलाई कसरी छिटोभन्दा छिटो विकासको बाटोमा अगाडि बढाउने । हरेक नेपाली जनताको मुहारमा खुशी ल्याउने कार्यक्रम लागू गरेर कसरी देशबाट यथाशक्य चाँडो गरिबी र बेरोजगारी घटाउनु साथै समृद्ध मुलुक निमार्ण गर्ने भन्ने हो । शेखरका हरेक प्रतिवद्धता, आचरण र कार्यशैलीमा समतामूलक व्यवहार, इमान्दारीता देखिन्छन् । राष्ट्रिय हित, नेपाली जनता र पार्टीको उन्नतीका लागि आफूले जस्तोसुकै त्याग पनि गर्न तयार भएको घोषणा सार्वजनिक रुपमा नै उद्घोष समेत गरेका छन् । सभापतिको उम्मेदवारका रुपमा कुनै पनि लोभका कारण नभइ आमकार्यकर्ताहरुको चाहना, शुभेच्छा र अनुरोध अनुसार नै आफू अगाडि बढेको समेत बताउछन् ।

**८. स्पष्ट एजेण्डा सहितका कार्ययोजना**

राष्ट्रिय राजनीतिका हरेक मुद्दाहरुमा कांग्रेस प्रष्ट हुन जरुरी छ । फरक पार्टीहरुसँगको सम्बन्ध, लोकतन्त्र संघीयता, धार्मिक स्वतन्त्रता, कम्युनिस्ट पार्टीसँगको सहकार्य, जातीय तथा सामाजिक विभेदका सवालहरु लगायतका विषयहरुमा नेपाली कांग्रेसको प्रस्ट विचार आउन जरुरी छ । संघीय लोकतान्त्रिक गणतन्त्र र त्यस प्रणालीको परिणाम तथा सुशासनको अनुभूति दिलाउन र देशको भौगोलिक विविधता, हिमाल, पहाड, तराई-मधेस, पश्चिमदेखि पूर्वका सबै जनताको भावनात्मक रुपमा जोड्ने कांग्रेस बनाउन उनको मुख्य जोड समेत छ ।

बीपी कोइरालाले दिएर गएको प्रजातान्त्रिक समाजवादको माटो सुहाउँदो व्याख्यासहितको विचार उन्नत गराउनु छ । यद्यपि, त्यसलाई अझ समुन्नत बनाउन भने हामीले अनवरत प्रयास जारी राख्नुपर्नेछ । कुनै पनि विचारको समयानुकूल परिमार्जन र व्याख्या गरिएन भने विस्तारै त्यसको सान्दर्भिकतामा प्रश्न उठ्छ । कांग्रेसलाई वैचारिक रूपमा तिखार्दै जाने, सांगठनिक रूपमा रहेका समस्या हल गर्दै चुस्तदुरूस्त संगठन निर्माण गर्ने र भावी पुस्ताले गर्व गर्न लायक कांग्रेस र देश बनाउने गरी काम गर्ने योजना रहेको उनका निकटस्थहरु बताउछन् ।

शेखरका अनुसार- 'हामीले पछिल्लो सन्दर्भमा हाम्रो विचारलाई अझ परिष्कृत गर्दै लैजानुपर्नेछ । प्रजातान्त्रिक समाजवादको व्याख्या गरी सामाजिक न्याय र समानताका लागि सुलभ सु-स्वास्थ्य र जीवन उपयोगी शिक्षाको राज्यले सम्पूर्ण जिम्मेवारी लिनुपर्छ र देशको आर्थिक विकास र उत्पादन बृद्धिको लागि उद्यमी र व्यवसायीहरुलाई उत्साहित र प्रोत्साहित बनाउनुपर्छ भन्ने विषयमा स्पष्ट छु ।'

नेपालमा देश र जनताका लागि कसैले केही गरेको छ भने त्यो नेपाली कांग्रेस नै हो । तर, आफूले गरेको कामको जस जनताको मतबाट आफैं लिन सकिरहेको छैन । आर्थिक रूपान्तरण होस् वा सामाजिक, सांस्कृतिक परिवर्तन कांग्रेसकै कारण सम्भव भएको इतिहास साक्षी छ । राणा, पञ्चायत र राजतन्त्र अन्त्य गर्न, पटक-पटक क्रान्तिको नेतृत्व गरेको सुनौलो विरासत छ । तर, समृद्ध भविष्यका लागि कांग्रेस आफैंले मार्गचित्र कोर्न जरूरी छ । यस्ता विषयमा शेखरका प्रस्ताव छलफलका लागि आफ्ना एजेण्डा सहितको प्रतिबद्धता र योजनासहितको घोषणा पत्र सार्वजनिक पनि गर्दैछन् ।

नयाँ पुस्तालाई वर्तमान राजनीतिक प्रणाली र कांग्रेसप्रति आकर्षित गर्दै सक्रिय रूपमा सहभागी गराइ नेतृत्व विकास गर्न, राष्ट्रियता, लोकतन्त्र, समाजवाद, गणतन्त्र, संघीयता, समावेशीता, मिश्रित निर्वाचन, धर्म निरपेक्षता, अहिंसा र शान्तिका मान्यतासहित बनेको संविधान र प्रणालीलाई जनताको हित एवं चाहनाअनुसार सफल कार्यान्वयन गर्न सबैको सहकार्य, समन्वय र सहमति अपरिहार्यता पनि छ ।

जनतामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको परिणाम तथा सुशासनको अनुभूति दिलाउन, जातीय, सांस्कृतिक र धार्मिक विविधतायुक्त समाजभित्रका महिला, दलित, आदिवासी-जनजाति, मधेशी, मुस्लिम, थारू, खस-आर्य, अल्पसंख्यक, अपांगता लगायत पिछडिएका क्षेत्र सबैलाई सम्मानका साथ नेपाली कांग्रेसमा सक्रिय गराउन र समुदायका बीच सद्भाव कायम गर्नका लागि पनि उनले भावी सभापतिको उम्मेदवारका रुपमा आफुलाई उभ्याएका छन् ।

**९. दलको मात्र होइन, देशका नेता**

शेखर कोइराला कांग्रेसमा मात्र होइन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दलका नेताहरुसँग पनि समन्वय र सहकार्य गर्न सक्ने क्षमता राख्दछन् । नेपाली जनताको आकाक्षांलाई पूरा गर्नका साथै रुपान्तरित राष्ट्रिय संरचनाहरुलाई संस्थागत गर्दै वर्तमान संविधानलाई कार्यन्वयनका लागि राष्ट्रिय दल लगायतका क्षेत्रीय दल तथा वैकल्पिक राजनीतिक दलसँग पनि स्पष्ट रुपमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने साझा र सक्षम नेताका रुपमा देखिन्छन् । नागरिक समाज, सञ्चार क्षेत्र, व्यवसायी, कर्मचारी लगायत कुटनीतिक क्षेत्रका विज्ञहरु पनि उनले कांग्रेसको नेतृत्व गरेको हेर्न चाएको बताउँछन् ।

विगतका राजनीतिक उतार चढावका क्रममा समेत उनले देखाएको अन्तरपार्टी सहमतिको सक्रियताका बारेमा अन्य दलका नेताहरुले पनि प्रशंसा गरिरहेका हुन्छन् । सधैं पर्दा अगाडि र नेतृत्वदायी भूमीकामा मात्र नभई 'हिडन' रुपमा समेत गरेका पहलकदमीहरुले राजनीतिलाई लयवद्ध रुपमा लैजान सहयोगसिद्ध गरेको छ । यसर्थ, अहिले नेपाली कांग्रेसका आम कार्यकर्ताहरु सहित अन्य पार्टीका कार्यकर्ता लगायत आम जनताले शेखर कोइरालालाई भावी सभापतिका रुपमा देख्न चाहन्छन् । *- नेपाललाईभ*

# पाँच वर्षमा सम्पन्न भएन गल्छी–मैलुङ सडक



काठमाडौँ (रासस)/ पाँच वर्ष पहिले निर्माण सुरु भएको गल्छी–मैलुङ सडक अझै सम्पन्न भइसकेको छैन ।

कूल ४६ किमी लम्बाइको सडकमा अहिलेसम्म ७० प्रतिशत प्रगति पुगेको गल्छी–त्रिशुली–मैलुङ–स्याफ्रुबेँसी–रसुवागढी सडक योजनाले जनाएको छ । जग्गा प्राप्तिको विवाद, अदालती प्रक्रिया, रुख कटानमा लामो प्रक्रियाका कारण निर्माणमा लामो समय लागेको योजनाका सूचना अधिकारी सन्तराम पाण्डेयले बताए ।

उनका अनुसार कुनै खण्डमा थोरै काम बाँकी हुँदा रोकिएको छ भने कतै सुरु नै हुन सकेको छैन । उनले भने, "धेरै खालका अवरोधले गर्दा सरासर काम हुन पाइरहेको छैन ।" आव २०७२/७३ मा सडक निर्माण सुरु भएकामा सो ठेक्का अझै पूरा नभएको हो । सो सडकको सुरु विन्दु (गल्छी) बाट ४६ किमी (मैलुङ) सम्म एउटै कम्पनी कोभ्यास/टुण्डी/रसुवा जेभीले निर्माण गरिरहेको छ ।

गल्छी–मैलुङ सडकमा अहिलेसम्म २१ किमी खण्डमा कालोपत्र सम्पन्न भइसकेको छ । नेपाल सरकारको लगानीमा १२ मिटर चौडा सडक निर्माण गरिरहेको सूचना अधिकारी पाण्डेयले बताए । दुई/दुई मिटर सोल्जरसहित 'डेडिकेडेज डबल लेन' सडक निर्माण अघि बढाइएको छ ।

यो खण्डमा धेरै ठाउँमा अहिलेसम्म पहिलो तहको कालोपत्र भइसकेको छ । दुई तहको कालोपत्रमा पहिलो तहमा छ सेन्टिमिटर र अर्का तहमा चार सेन्टिमिटर हुन्छ । अहिलेसम्म २७ किमी पहिलो तहको कालोपत्र भइसकेको छ । बेस र सबबेसको काम ३० किमीमा भइसकेको छ । उनले भने, "सडकमा नाली, पर्खाललगायको काम सकिएको छ ।"

सो सडकमा जग्गा प्राप्तिको समस्या धेरै भएकाले नै २०७२/७३ को ठेक्का अझै सम्पन्न हुन नसकेको योजनाले जनाएको छ । अझै पनि आठ किमीमा सर्वोच्च अदालतको अन्तरिम आदेशका कारणले काम गर्न नसकिएको सूचना अधिकारी पाण्डेयले बताए । यो खण्ड नुवाकोट जिल्लाको पिपलटारदेखि ढुंगेसम्म पर्छ । निर्माण व्यवसायीले त्यो खण्डमा काम नै सुरु गर्न नसकेको उनले बताए । उनले भने, "मुद्दा परेको साढे दुई वर्ष भयो तर अझै फैसला आइसकेको छैन ।" यसअघि ढुंगेबाट बेत्रावती खण्डमा पनि जग्गा विवादका कारण निर्माण रोकिएको थियो । जग्गाधनीले गरेको मुद्दामा सर्वोच्च अदालतले अन्तरिम आदेश दिँदा निर्माण रोकिएको थियो ।

एक वर्ष पहिलेबाट त्यसमा निर्माण जारी छ । रसुवा जिल्लामा पनि ५०० मिटर सडकमा अन्तिम आदेशका कारण निर्माण अघि बढ्न सकेको छैन । मैलुङ–स्याफ्रुबेसी खण्डमा भने आधा समय सकिँदासम्म भौतिक प्रगति २५ प्रतिशत छ । जम्मा १९ किमी लम्बाइको सडक निर्माणका लागि विसं २०७७ साउनमा ठेक्का सम्झौता भएको थियो ।

३० महिना अवधि दिइएकामा अहिलेसम्म आधा समय सकिएको सूचना अधिकारी पाण्डेयले बताए । अहिलेसम्म १२ किमी सडकमा ग्राभेल भएकाले त्यसमा पर्खाललगायतको संरचनाको काम भइरहेको छ । उनले भने, "अरू सडक पूर्वाधार निर्माण र ग्राभेल भइरहे पनि अहिलेसम्म कालोपत्रे सुरु भइसकेको छैन ।"

योजनाको दोस्रो खण्डका रूपमा रहेको मैलु–स्याफ्रुबेसी सडकमा भने दोस्रो खण्डको निर्माण सुस्त छ । कडा चट्टान कटान गर्नुपर्ने, रुख कटान गर्नुपर्ने, जलविद्युत्सँग समन्वय गरेर काम गर्नुपर्ने हुँदा निर्माणले अपेक्षा गरेअनुसार गति लिन नसकेको सूचना अधिकारी पाण्डले बताए । अरू विभिन्न कठिनाइसँगै विभिन्न खण्डमा एक पछि अर्कोमा मुद्दाका कारण निर्माण अघि बढ्न नसकेको उनको भनाइ छ । जग्गा नै उपलब्ध नभएकाले उपलब्ध चौडाइमा भएको निर्माण उपलब्धिमूलक भएको योजनाले जनाएको छ । पिपलटारबाट ढुंगेसम्म अहिले निर्माण अघि बढेको छ । ढुंगेबाट बेत्रावतीसम्म पहिले निर्माण भइरहेकामा अहिले अदालतको आदेशले रोकिएको छ । ढुंगेबाट बेत्रावतीसम्म झन्डै ९० प्रतिशत निर्माण सकिएको छ । उनले भने, "थोरै काम बाँकी भए पनि अदालतको आदेश नआउँदासम्म त्यसै रोकिन्छ ।"

गल्छीबाट विदुरसम्म सडक कालोपत्र भइसकेको छ । सो खण्डमा पुलको काम थोरै मात्रै थोरै बाँकी रहेको योजनाले जनाएको छ । त्यसभन्दा अघि पाँच किमी सडक निर्माण बाँकी छ । योजनाअन्तर्गत पर्ने ३२ पुलमध्ये आठ पुल सम्पन्न भइसकेको छन् । अहिले आठ पुलको निर्माण भइरहेको र १६ पुल निर्माणका लागि ठेक्कामा जान बाँकी रहेको छ ।

योजना २०८० असार सम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । अदालतमा रहेका खण्डको अन्तिम निर्णय चाँडो आउँदा तोकिएको समयमा निर्माण सकिने भए पनि मुद्दा लम्बिँदा नसकिने सूचना अधिकारी पाण्डेयले बताए । उनका अनुसार अदालतको निर्णय आएपछि मुआब्जा वितरण गरेर निर्माण अघि बढाउन सकिने उनले बताए ।

सडकमा रहेका घरटहराको क्षतिपूर्ति दिएर मात्रै निर्माण अघि बढ्नसक्ने उनले बताए । वर्षेनी थोरै रकम मात्रै मुआब्जाका लागि छुट्टाउँदा निर्माण अघि बढाउन नसकिने उनले बताए । गत वर्षहरूमा पनि बजेट अभावले केही ढिलाइ भएको थियो । उनले भने, "स्थानीयवासीको जग्गाको लालपुर्जा हामीसँग छ तर मुआब्जा बाँड्न सकिएको छैन ।" जग्गा प्राप्तिको समस्या सबैभन्दा बढी गल्छी–मैलुङ खण्डमा छ । मैलुङ–स्याफ्रुबेसीको दोस्रो खण्डमा जग्गा प्राप्तिको समस्या त्यति धेरै छैन । चिनियाँ पक्षले काम गर्ने सहमति भएको स्याप्रुबेसी–रसुवागढी खण्डमा भने टिमेरेमा मात्रै समस्या छ ।

विसं २०७२ मा भारतले गरेको नाकाबन्दीको समाधानका रूपमा गल्छीबाट मैलुङ–स्याफ्रुबेँसी हुँदै रसुवागढीसम्मको सडक निर्माणलाई अघि बढाइने योजना बनाइएको छ । विसं २०७२ मंसिर १७ गते मन्त्रिपरिषद्को बैठकले यो सडकलाई सहायक मार्ग तोकी राष्ट्रिय गौरवको मान्यता दिएको थियो । दुई देशबीचको छोटो दूरीको व्यापारिक मार्गका रूपमा स्थापित गर्ने सरकारको योजना थियो । सरकारले सडक ऐन, २०३१ को दफा ३ को खण्ड 'ख' अनुसार यसलाई 'फिडर रोड' तोकेर केन्द्रबाट १५/१५ मिटर गरी ३० मिटर कायम गरिएको थियो ।

योजनाले खासगरी धादिङ, नुवाकोट र रसुवा गरी तीन जिल्लालाई जोड्छ । चितवनको भण्डारालाई सुरु बिन्दु मान्दा भने चार जिल्ला पर्छन् । भण्डाराबाट गल्छीसम्मको सडक भने डिभिजन सडक कार्यालयले हेरेका छन् ।

सरकारले यसलाई उत्तर–दक्षिण राजमार्गका रूपमा सूचीकृत नगरे पनि भण्डाराबाट रसुवागढीसम्मको सडकले भारतको सीमा हुँदै चीनको सीमासम्म पुग्नेछ । स्याफ्रुबेँसीबाट रसुवागढीसम्मको सडकको लम्बाइ १७ किमी छ । गल्छीबाट नै रसुवागढीसम्मको सडक ८२ किमी छ ।

# अन्नपूर्ण पदमार्गमा बढे पर्यटक



लमजुङ (रासस)/ चक्रिय अन्नपूर्ण पदमार्गमा आउने पर्यटकको संख्यामा वृद्धि भएको छ । कोरोना संक्रमणबाट प्रभावित चक्रिय अन्नपूर्ण पदमार्गमा यतिबेला दैनिक १५० देखि २०० जनासम्म पर्यटक आउन थालेका छन् । दोस्रो कोरोना संक्रमणको जोखिम कम भएसँगै सुनसान जस्तै बनिरहेको यस पदमार्गमा यतिबेला पर्यटकको चहलपहल हुँदा पर्यटन व्यवसायी हर्षित हुन थालेका छन् ।

केही महिनादेखि दुई/चार जनाबाट सुरु हुँदै २५/३० जनासम्म आउन थालेका पर्यटक कात्तिकबाट दैनिक दुई हाराहारीमा पर्यटक आउने क्रम निरन्तर चलिरहेको छ । विदेशी पर्यटक ४० देखि ५० र आन्तरिक पर्यटक १५० देखि २०० जनाको हाराहारीमा पर्यटक पदमार्गमा आउने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीले जनाएको छ ।

यस कार्यालयका पर्यटन सहायक क्षेत्रबहादुर गुरुङले भने, "कोरोना संक्रमणको जोखिम बढेपछि पदमार्गमा पर्यटक आगमन ठप्प हुँदा निराश बनेका यस पदमार्ग आसपासमा पर्यटन व्यवसायी यतिबेला पर्यटक आउन थालेपछि पर्यटकको सेवामा व्यस्त बन्दै राम्रो आम्दानी गरिरहेका छन्, चिसो समय हुँदासमेत पर्यटक आगमन भइरहेको छ ।"

कोरोना प्रभावित बनेको यहाँ यतिबेला पर्यटकको चहलपहलले केही पैसा भने पनि दैनिक आम्दानी भइरहेको मर्स्याङ्दी गाउँपालिका–४ का पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले बताए । उनले भने, "पर्यटकको चाप बढ्ने यस पदमार्गमा कोरोनाले प्रभावित हुँदा एक दुई हजारको मुख देख्नसमेत रहर भइरहेका बेला पर्यटक आउन थालेपछि यतिबेला दैनिक १०/१५ हजार आम्दानी हुँदा धेरै खुसी भएको छु ।" यस पदमार्ग आसपासको व्यवसाय पर्यटक आगमनले फस्टाइरहेको छ । अधिकांश पर्यटन व्यवसायी अन्नपूर्ण पदमार्गमा आउने पर्यटककै भरमा जीवन चलाउँदै आएका छन् । पर्यटक हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीति रिवाज, प्राकृतिक सुन्दरता हेर्नलाई साथै मनाङबाट थुम्रापास हुँदै मुस्ताङ र पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङमा पर्दछ ।

अन्नपूर्ण पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएका छन् । यस पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीशहरमा रहेको छ । यसपदमार्गका लागि आउने पर्यटकले गर्दा बेँसीशहर बजारका होटलसमेत भरिभराउन हुने गरेका छन् ।

# भ्रष्टाचार अन्त्य गर्नुपर्ने माग

काठमाडौँ (रासस)/ नेपाल समाजवादी कांग्रेसले देशमा व्याप्त भ्रष्टाचार अन्त्य गर्नुपर्ने माग गरेको छ । सो पार्टीले आइतबार पत्रकार सम्मेलन गरी पछिल्लो समय देशमा भ्रष्टाचार झनझन मौलाउँदै गएको जनाउँदै भ्रष्टाचार अन्त्यका लागि सरकार र सम्बन्धित निकायसँग माग गरेको हो ।

सो पार्टीले देशमा बढ्दै गएको महंगी, हत्या, हिंसा, अराजकता, आपराधिक क्रियाकलाप, बेरोजगारीको अन्त्य गर्नसमेत सरकारसँग अनुरोध गरेको छ । पार्टीका अध्यक्ष गोविन्द निरौलाले राष्ट्र र राष्ट्रियताबारे चिन्ता व्यक्त गर्दै देशका विभिन्न नाकामा भएको सीमा अतिक्रमणका सम्बन्धमा सरकारले चासो देखाएर आफ्नो अतिक्रमण भएको जमिन फिर्ता लिनुपर्ने बताए ।

उनले जनगणनाका लागि तयार गरिएको जनगणना अवधारणा नै देशको पक्षमा नभएको भन्दै त्यसलाई सच्याउनुपर्ने, राष्ट्रिय पोशाकको व्यवस्था गर्नुपर्ने र सरकारी ओहदामा रहेका मन्सिले अनिवार्य रूपमा राष्ट्रिय पोशाक लगाउनुपर्नेमा जोड दिए ।

# सुनको मूल्य प्रतितोला ९२ हजार ५००

काठमाडौँ (रासस)/ सुनचाँदी बजारमा साताको पहिलो कारोबारका दिन आइतबार छापावाल सुनको मूल्य प्रतितोला ९२ हजार ५०० तोकिएको छ । अघिल्लो दिन प्रतितोला ९२ हजार २००मा कारोबार भएको पहेँलो धातुको मूल्य आज प्रतितोला ३०० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणानुसार तेजाबी सुनको आइतबारको मूल्य प्रतितोला रु ९२ हजार कायम भएको छ जसको मूल्य गत शुक्रबार प्रतितोला ९१ हजार ७०० तोकिएको थियो ।

त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला पाँचले बढेर एक हजार १९० तोकिएको महासंघले जनाएको छ । अन्तरौष्ट्रिय बजारमा आइतबार सुन प्रतिऔँस एक हजार ७८३ डलर आसपास कारोबार भइरहेको छ ।

# राष्ट्रिय महिला भलिबल टोलीको घोषणा



काठमाडौँ (रासस)/ नेपाल भलिबल संघले बंगलादेशमा आयोजना हुने एशियन सिनियर सेन्ट्रल जोन पुरुष तथा महिला भलिबल च्याम्पियनसिपका लागि राष्ट्रिय महिला टोलीको घोषणा गरेको छ ।

आगामी पुस ६ देखि १४ गतेसम्म ढाकामा आयोजना हुने उक्त प्रतियोगिताका लागि संघले आइतबार अरुणा शाहीको कप्तानीमा १२ सदस्सीय नेपाली महिला टोलीको घोषणा गरेको हो । बन्द प्रशिक्षणमा रहेका १५ खेलाडीबाट सङ्घले अन्तिम चरणमा १२ सदस्सीय टोलीको घोषणा गरेको हो ।

छनोट हुने नेपाली टोलीमा कप्तान अरुणासहित, प्रतिभा माली, सरस्वती चौधरी, शान्ति थारु, उषा भण्डारी, सफिया पुन, सुनिता खड्का, मनिषा चौधरी, कृपा अधिकारी, कामना विष्ट, लक्ष्मी चन्द र सलिना श्रेष्ठ रहेका छन् । प्रशिक्षणमा रहेका १५ खेलाडीमध्ये सरस्वती जैशी, निरुता ठगुन्ना र कविता भट्ट भने टोलीमा पर्न सकेनन् ।

# छानोविहीन घरमा रात बिताउँदै बृद्ध दम्पती



दमौली (रासस)/ ढुंगामाटोले बनेको घर । खरले छाएको छानो, तर अहिले घरमा त्यही खरको छानो पनि छैन । गत असारमा गएको पहिराले घर भत्किएको छ । छानो नभएको घरमा छन् एक वृद्ध दम्पती ।

कठ्याङ्ग्रिँदो चिसोमा छानोविहीन घरमा बस्न बाध्य छन् म्याग्दे गाउँपालिका–५ झिरुवासका ७५ वर्षीय धनबल गुरुङ र उनकी श्रीमती । भत्किएको टहरो, च्यातिएको गुन्द्री र केही थान च्यातिएको कपडासहित धनबल दम्पती विगत छ महिनादेखि कष्टकर जीवनयापन गर्न बाध्य थिइन् ।

चिसोयाम, घरमा खाने अन्न र रातमा सुत्ने ओछ्यान नहुँदा धनबल भने श्रीमती र छोराछोरीका साथ भत्किएको टहरो हेर्दै बस्न बाध्य थिइन् । उमेरले नेटो काटिसकेको बुढ्यौली शरीर लिएर केही उपाय नलागेपछि उनीहरू जोखिमयुक्त टहरामा रात कटाउन बाध्य छन् ।

चार छोरा र पाँच छोरीका बुबा धनबलका छोरा सवारी चालक भए तापनि आर्थिक अवस्था कमजोर भएपछि छानो फेर्न सकेका छैन । जसोतसो माइलो छोरा आफैले ऋण खोजेर साउदी गए पनि बाँकी दुई छोराको जिम्मेवारी धनबलकै काँधमा छ । सरकारले गरिब विपन्नका नाममा विभिन्न कार्यक्रम ल्याए पनि आफूहरूलाई कसैले नहेरेको उनको गुनासो छ । सरकारले सुरक्षित नागरिक आवास कार्यक्रम स्थानीय तहमार्फत् सञ्चालन गर्दै आए पनि त्यो कार्यक्रम धनबलसम्म पुग्न सकेको छैन ।

"सुन्दा त सरकारले के के कार्यक्रम ल्याएको छ भन्छन्, तर हामी यसरी बसेको छ महिना बित्न लागिसक्यो", उनले भने । गत असारमा पहिरो गए पनि कुनै राहत नपाएको उनको गुनासो छ । "खरको छानो भत्किएर घरको नाल र भाटा नै भाँचिएका छन्, अन्त जाने ठाउँ छैन जसोतसो यही बसेका छौँ", उनले भने, "कसैले सहयोग गर्दैनन्, कहाँ जानु र ?" सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत तत्काल खरको, अथवा कच्ची छानो हटाएर ५० हजार बराबरको जस्ताको छानो छाउने कार्यक्रम सरकारले लागू गरे पनि उनी यसबारेमा अनभिज्ञ छन् ।

म्याग्दे गाउँपालिका–५ का वडाध्यक्ष शिवबहादुर आलेले पहिराले घर भत्किएपछि सुरक्षित स्थानमा सर्ने काम सम्बन्धित व्यक्तिको भएको प्रतिक्रिया दिए ।

"वडाध्यक्ष आफैले घर खोजेर राख्ने होइन, त्यो त सम्बन्धित व्यक्तिले गर्ने कुरा हो", उनले भने । नागरिक आवास कार्यक्रम अन्तर्गत काम भइरहेको र त्यसले चाँडै पूर्णता पाउने उनले बताए ।

# राष्ट्रपति भण्डारीद्वारा एमबीबीएस कार्यक्रम शुभारम्भ

कर्णाली (रासस)/ राष्ट्रपति विद्यादेवी भण्डारीले कर्णाली प्रदेशको बहुप्रतिक्षित एमबीबीएसलगायत शैक्षिक कार्यक्रमको आइतबार जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा शुभारम्भ गरेका छन् । सो अवसरमा उनले ७६ करोड लागतमा निर्माण हुन लागेका चिकित्सा शिक्षाको शैक्षिक भवनको समेत शिलान्यास गरेका प्रतिष्ठानका उपकुलपति डा. मंगल रावलले जानकारी दिए । राष्ट्रपति भण्डारीले शुभारम्भ गरेपश्चात् आइतबारबाट एमबीबीएस, बी.फार्म, बीएनएस, बीएमएसलगायत शैक्षिक कार्यक्रमको औपचारिक पढाइ सुरु भएको उपकुलपति डा रावलले बताए । कार्यक्रममा कर्णाली प्रदेशका प्रमुख तिलक परियार, स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडा, राज्यमन्त्री भवानीप्रसाद खापुङ, राष्ट्रिय चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा श्रीकृष्ण गिरी, डा गुणराज लोहनी र डा रमेश ढकालको सहभागिता रहेको थियो ।

## काठदाउरा बिक्रीवितरण गर्ने बारेको सूचना

यस समूहले स्वीकृत कार्ययोजनामा भएको व्यवस्था बमोजिम आफ्नो सामुदायिक वनबाट उत्पादन गरेको काठ भुकम्पपीडितहरुको लागि काठ उत्पादन, आपूर्ति र व्यवस्थापन निर्देशिका–२०७२ को परिच्छेद २ को दफा ४ (१) बमोजिम समूहभित्रका भुकम्पपीडित उपभोक्ता, घरधुरी आफ्नो गा.पा/न.पा/उपम.न.पा भित्रका छिमेकी समुहका भुकम्पपीडित उपभोक्ता वा सामुदायिक वनको सदस्य नरहेका घरधुरी एवम् जिल्लाभित्रका छिमेकी गा.पा/न.पा/उपमा.न.पा.का भुकम्पपीडित परिवारलाई (भुकम्पपीडित परिचयपत्र पाएका) समूहले निर्धारण गरेको मूल्यमा काठ बिक्रीका लागि पत्रिकामा प्रकाशित भएको मितिबाट लागू हुनेगरी यो ७ दिने प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री अमलेचौर सामुदायिक वन उपभोक्ता समूह,**
बागमती–९, मकवानपुर

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०७८/०८/२६ मा जारी भएको नामसारीको हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

निवेदक– प्रेम लाल श्रेष्ठ समेत ३ जना (दाजु भाउजु) ज.ध.– माधवलाल श्रेष्ठ (भाई/देवर)

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नम्बर ४ को कि.नं. ४८३ को क्षेत्रफल ज.वि. ०–८–१९ को जग्गाधनी तथा आफ्नो भाई/देवर माधव लाल श्रेष्ठको अविवाहीत अवस्थामै मिति २०५७/१२/०६ मा मृत्यू भएको, निज जग्गाधनीको बाबा/आमा सर्गलाल श्रेष्ठ र राजमाया श्रेष्ठको पनि क्रमश मिति २०७५/०२/२९ र २०७०/०८/०७ मा मृत्यू भएको, निज जग्गाधनीको बाबा/आमाको जग्गाधनी समेत ४ जना छोराहरु भएकोमा जेठो छोरा प्रेमलाल श्रेष्ठ, माईलो छोरा यादब लाल श्रेष्ठ, साईलो छोरा टिकालाल श्रेष्ठ र कान्छो छोरा स्वयम जग्गाधनी माधव लाल श्रेष्ठ भएकोमा माईलो छोरा यादबलाल श्रेष्ठको पनि मिति २०६९/१२/२० मा मृत्यू भएकोमा निज यादबलाल श्रेष्ठको शेषपछीको खतिउपती हक खाने हकदारहरु क्रमश प्रेमलाल श्रेष्ठ...१, शोभा श्रेष्ठ...१ र टिकालाल श्रेष्ठ...१ गरी जम्मा ३ जना भएको हुनाले उल्लेखित जग्गा हाम्रो नाममा संयुक्त नामसारी गराईपाउँ भनी निवेदकहरुले हेटौंडा उपमहानगरपालिका १७ नम्बर वडा कार्यालयको च.नं. ३२१ मिति २०७८/०४/२७ को सिफारिस, वडा सर्जमिन मुचुल्का, मृत्यू दर्ता र सक्कल पुर्जा समेत संलग्न राखी कार्यालयमा द.नं. ३८०० मिति २०७८/०६/१७ मा मागदावि निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनीको मृत्यू भएको, निजको विवाह नभएको भनी वडा कार्यालयबाट सिफारिस प्राप्त भएको र निजको पालनपोषण र सदगद समेत खुलेको नदेखिएकोले जग्गाधनीको हकदारहरु, पालन पोषण/सदगद सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भएपछी पेश गर्ने भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको विवाह भएको भए वा जग्गाधनीको पालनपोषण र सदगद अरु कोही कसैले गरेको भए वा निवेदकको मागदावि बमोजिम निवेदकको नाममा नामसारी गर्दा अरु कसैको कानुनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स–प्रमाण दाबी–उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

ईति संवत २०७८ साल मंसिर महिनाको २६ गते रोज ०१ शुभम...........

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०७८/०८/१७ मा जारी भएको नामसारीको हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

निवेदक– प्रक्सानी मुक्तान (छोरी) ज.ध.– सेती तामाङ्नी (आमा)

यसमा जिल्ला मकवानपुर राक्सीराङ गाविस वडा नम्बर ४ को कि.नं.७३ को क्षेत्रफल ज.रो ७–११–०–१ को जग्गाधनी तथा आफ्नो आमा सेती माया तामाङ्नीको मिति २०३४/१२/२१ मा मृत्यू भएको र निज सेती तामाङ्नीको पती बल बहादुर मुक्तानको पनि मिति २०३८ सालमा नै मृत्यू भएको, निज जग्गाधनी र निजको पतीको दाम्पत्य जिवनबाट कुनै पनि छोराहरुको जायजन्मनै नभएको, एकमात्र छोरी म निवेदिका प्रक्सानी मुक्तानको मात्र जन्म भएको र जग्गाधनी र निजको पतीको पालनपोषण र सदगद समेत म निवेदिकाले नै गरेको हुनाले उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनी राक्सिराङ गाउँपालिका ४ नम्बर वडा कार्यालयको च.नं. ९७ मिति २०७८/०६/०५ को सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित संलग्न राखी कार्यालयमा द.नं. ३२८३ मिति २०७८/०६/०५ मा मागदावी निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनी र निजको पतीको मृत्यू भएको, जग्गाधनीको कुनैपनी छोराको जायजन्म नभएको, एकमात्र छोरी निवेदिकाको मात्र जायजन्म भएको देखिएकोले जग्गाधनीको हकदारहरु, पालन पोषण/सदगद र जग्गाको हकभोगको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भएपछी पेश गर्ने भनी भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको विवाह भएको भए वा जग्गाधनीको पालनपोषण र सदगद अरु कोही कसैले गरेको भए वा निवेदकको मागदावि बमोजिम निवेदकको नाममा नामसारी गर्दा अरु कसैको कानुनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिनभित्र मालपोत कार्यालय मकवानपुरमा स–प्रमाण दाबी–उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

ईति संवत २०७८ साल मंसिर महिनाको १७ गते रोज ०६ शुभम...........

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# भाट-भटेनी हेटौंडाको छुट अफर कायमै

साझाकुरा संवाददाता

हेटौंडा/नेपालकै ठूलो चेन सुपर मार्केट भाट-भटेनी हेटौंडा शाखाले उद्घाटनको अवसरमा दिँदै आएको छुट अफर कायम राख्ने भएको छ ।



मंसिर २२ मा उद्घाटन-सँगै छुट अफर ल्याएको भाट-भटेनीले आइतबार सूचना जारी गर्दै अझै केहि दिन अर्को सूचना जारी नभएसम्मका लागि छुट अफर कायम गर्ने जनाएको छ । भाट-भटेनीले ग्रोसर, रेडिमेट गार्मेन्ट, फुटवेयर, तथा किचनवेयरमा १० प्रतिशत र इलेक्ट्रोनिक्स सामानहरुमा २० प्रतिशत छुट हुने अध्यक्ष तथा प्रबन्ध निर्देशक मिनबहादुर गुरुङ्गले जानकारी दिए ।

भाट-भटेनीमा ग्राहकको संख्या बढ्दो रहेको र ग्राहकको इच्छा बमोजिम छुट अफर समय बढाउनुपर्ने देखिएकोले अवधि थप गरिएकोले गुरुङ्गले बताए । उनले एक सूचना जारी गर्दै ग्राहक वर्गप्रति आभारसमेत व्यक्त गरेका छन् । अध्यक्ष गुरुङले स्वदेशमै अन्तराष्ट्रिय स्तरको सपिङ सुविधाको अनुभव गराउँदै युवाहरुलाई रोजगारी प्रदान गर्ने उद्देश्यले व्यवसायलाई प्रवर्द्धन गर्दै अगाडि बढेको बताएका छन् । उनले देशका सबै प्रदेश तथा मुख्य शहरहरुमा स्टोर विस्तार गर्ने अभियान रहेको बताउँदै आएका छन् ।

हेटौंडाको मुख्य सहरबाट करिब ४ सय मिटर पूर्वमा रहेको स्टोर करिब १४ कठ्ठा क्षेत्रफलमा निर्माण भएको हो । डेढ अर्ब लागत खर्चिएको भाट-भटेनीले जनाएको छ । स्टोरमा स्थानीय करिब २ सय जनाले रोजगार पाएका छन् । कुल क्षेत्रफल १ लाख ३४ हजार वर्गफिटका २ वटा बेसमेन्टसहित ८ तले भवन रहेको र दुबै बेसमेण्टमा पार्किङको व्यवस्था रहेको जनाइएको छ ।

स्टोरको तलो तलामा खाद्यान्न, फलफूल, हरियो तरकारी, फ्रोजन आइटम, हाउस होल्डका सामान र कस्मेटिक सामग्री बिक्रीका लागि राखिएका छन् । पहिलो तलामा किचनवेयर, भाँडाकुँडा, बालबालिकाका खेलौना र श्रृंगारका सामग्री राखिएको छ । दोस्रो तलामा महिला र पुरुषका तयारी गार्मेन्ट, सारी, कुर्ता लगाएतका ब्राण्डेड फेन्सी सामग्री राखिएको छ । तेस्रो तलामा जुत्ता-चप्पल लगायतका फुटवेयर सामग्री राखिएका छन् । तेस्रो तलामै विभिन्न कम्पनीका टीभी, फ्रिज, वासिङ मेसिन, माइक्रो ओभन, भ्याकुम क्लिनर जस्ता इलेक्ट्रोनिक्स सामग्री राखिएको छ । चौथो तलामा क्यू एन्ड यू कम्पनीका फर्निचर छ ।

भाटभटेनीमा केएफसी र पेपे पिजाले पनि सेवा शुभारम्भ गरेको छ । सुपर मार्केटका चिफ अपरेटिङ अफिसर पानु पौडेलले निकट भविष्यमै क्यूएफएक्स पनि सञ्चालनमा आउने बताए । हेटौंडापछि वीरगञ्ज, जनकपुर, बिर्तामोड र धनगढीमा भाट-भटेनीले अर्को शाखापनि विस्तार गर्न लागेको जनाइएको छ । हालसम्म सञ्चालनमा आएका २० ओटा स्टोरमा करिब ८ हजार कार्यरत् रहेका छन् । यसअघि भाट-भटेनीको भक्तपुर, ललितपुर, काठमाडौं, धरान, विराटनगर, चितवन, पोखरा, बुटवल र भैरहवालगायत सहरमा शाखा सञ्चालन गरिसकेको छ ।

# थपिए ३ जना कोरोना संक्रमित



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा आइतबार थप ३ जनामा कोरोनाभाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ ।

३६ जनाको पीसीआर र एन्टिजेन परीक्षणमा ३ जनामा कोरोना संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, सो अवधिमा २९ जनाको पीसीआर र ७ जनाको एन्टिजेन परीक्षण गर्दा उनीहरुमा कोरोना पुष्टि भएको हो ।

संक्रमण पुष्टि हुनेमा तीनै जना हेटौंडा उपमहानगरपालिका रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ५ सय १८ जना पुगेको छ । यस्तै, जिल्लामा पछिल्लो २४ घण्टामा थप २ जना संक्रमणमुक्त भएका छन् । विभिन्न मितिमा संक्रमण पुष्टि भएका २ जना आइतबार संक्रमणमुक्त भएका हुन् । यससँगै जिल्लामा हालसम्म संक्रमणमुक्त हुनेको कुल संख्या १५ हजार २ सय ४० जना पुगेका छन् ।

जिल्लामा हालसम्म संक्रमणका कारण १६७ जनाको मृत्यु भएको छ । जिल्लामा हालसम्म हेटौंडाका १ सय १९ जना, थाहानगरपालिकाका ९ जना, मकवानपुरगढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ । जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनै पनि व्यक्तिको मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

# अन्तर प्रदेश समन्वय बैठक हेटौंडामा

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारको आयोजनामा हेटौंडामा आइतबार अन्तर प्रदेश समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रम भएको छ ।




बागमतीका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेको प्रमुख अतिथ्यतामा अन्तरक्रियाको उद्घाटन गरिएको छ । मुख्यमन्त्री पाण्डेले कार्यक्रमको उद्घाटन गर्दै अन्तर प्रदेशको बैठक समयसमयमा बसे देशको आर्थिक पक्ष सुधारका साथै सामाजिक, औद्योगिक पक्ष र कर्मचारीका कामगर्ने शैलीमा पनि परिवर्तन हुने दाबीगरे ।

उनले प्रदेश सरकारको अधिकारमा केही स्थानमा संघीय सर कारका कारण विवादित रहेकोले विभिन्न आयोजना प्रदेश सरकार मातहत गरिए विकास निर्माणमा नेपालले फड्को मारिने दाबी गरे । कार्यक्रममा नेपाल सरकारका मुख्यसचिव शंकरदास प्रधानले बागमती प्रदेश सरकारले संघीयताको कार्यान्वयको अभ्यास गर्दै कार्यक्रमको आयोजना गरेको भन्दै देशमा सुशासन कायम गर्न सबै कर्मचारीले सेवा प्रभावकारी ढंगले गरी काम गर्ने शैली, विचार र प्रविधिमैत्री भइ गम्भीर रुपमा काम सम्पादन गर्न सबैमा आग्रह गरे ।

उनले अबको मुख्यमुद्दा नै देशको आर्थिक र सामाजिक रुपमा वृद्धि गरी देशलाई सुशासनमा र ाख्ने रहेको बताउनुभयो । कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडाका सचिव यमलाल भुसालले तीन दिन हुने अन्तर प्रदेश बैठकमा प्रदेशको सुशासन प्रणाली, प्रदेश अन्तरगतका सेवा प्रवाह, विपद् व्यवस्थापन, कर्मचारी समायोजन, शासकीय प्रवर्द्धन, स्थानीय तहसँगको सम्बन्धलगायत विषयमा छलफल गरिने बताए ।

केन्द्रीय सरकारका मुख्यसचिवसँगको अन्तरसम्वाद, अनुभव साटासाट गरी एक्येबद्धता जारी गरी सातै प्रदेशलाई आर्थिक, सामाजिक, सुशासन क्षेत्रमा साझा एजेण्डा बनाई काम गरिने उनको भनाइ थियो ।

बागमती प्रदेश सरकारका प्रमुख सचिव किरणराज शर्माको अध्यक्षतामा भएको कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद खनाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव अर्जुनप्रसाद पोखरेल, सातै प्रदेशका प्रमुख सचिवहरु, जिल्ला समन्वय समितिका उपप्रमुख भगवती पुडासैनी, प्रदेशका सुरक्षा निकायका प्रमुख तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

# प्रदेश प्रमुखलाई आयोगले बुझायो प्रतिवेदन

हेटौंडा/आदिबासी जनजाति आयोगले आइतबार बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मालाई आफ्नो वार्षिक प्रतिवेदन बुझाएको छ ।

आयोगका अध्यक्ष र ामबहादुर थापा मगरले प्रदेश प्रमुख शर्मालाई आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन बुझाएका हुन् । प्रतिवेदनमा आदिवासी जनजातिका सवाल, आदिवासी जनजाति आयोगले सम्पादन गरेका काम-कारबाही लगायतका विषय समेटिएको आयोग अध्यक्ष थापा मगरले जानकारी दिए ।

आयोगले देशका सातै प्रदेशमा आफ्नो वार्षिक प्रतिवेदन बुझाउने कार्यक्रम अनुसार बागमती प्रदेशमा पनि प्रतिवेदन बुझाइएको अध्यक्ष थापाले बताए ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख शर्माले आदिवासी जनतातिलाई राज्यको पहुँचमा ल्याउनका लागि आयोगलाई लागिपर्न सुझाव दिए । उनले आदिवासी जनजातीको सीप, श्रम तथा जाँगरको सम्मान गर्दै उनीहरुको उत्थान हुने खालका कार्य योजनाहरु अघि बढाउनुपर्नेमा जोड दिए । आयोगलाई आगामी दिनमा अझ प्रभावकारी ढंगले आफ्नो भूमिका निर्वाह गर्नका लागि प्रमुख शर्माले शुभकामना व्यक्त गरे ।

# पशुपतिनाथका शिक्षकलाई तालिम




साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको पश्चिमी क्षेत्रको मनहरी-४ मसिने पशुपतिनाथ माविका विद्यार्थीको हस्ताक्षर सुधार गर्न शिक्षकलाई तालिम दिइएको छ ।

पछिल्लो समयमा बालबालिकाको हस्ताक्षर कमजोर बन्दै गएका कारण सुधार गर्न जरुरी देखिएपछि शिक्षकहरुलाई तालिम दिईको विद्यालयले जनाएको छ । विद्यालयसँग सहकार्य गरिरहेको गैरसरकारी संस्था विकासकालागि सहयोग र सहकार्य नेपालले तालिम प्रदान गरेको हो ।

मनहरी-४ को पशुपतिनाथ माविसँगै चेपाङ प्रावि र सृजना प्राविका शिक्षकलाई पनि तीन दिने तालिम दिइएको हो । तालिम कार्यक्रममा प्रमुख अतिथि मनहरी-४ का वडाध्यक्ष ध्रुब खड्काले विद्यालयले बालबालिकाको हितमा निरन्तर काम गरिरहेको बताए । शिक्षकले थोरै ध्यान दिएको खण्डमा बालबालिकाको हस्तलेखनमा सुधार आउने पनि उनले बताए ।

तालिम कार्यक्रममा विकासका लागि सहयोग र सहकार्य (हेल्पकोड) नेपालका प्रशिक्षक मिनप्रसाद रिजाल र विकास चेपाङले सहजीकरण गरेका थिए । सहभागीहरुले आगामी दिनमा बालबालिकाको गुणस्तरीय शिक्षाका लागि हस्तलेखनमा आमूल परिबर्तन जरुरी रहेको बताएका थिए ।

विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यको सभाध्यक्षतामा भएको तालिम समापनका अवसरमा तालिमका सहभागी शिक्षक ईश्वर रिजाल, सुमित्रा ढुँगेलले बालबालिकाले भाषाको बिषयहरुमा लेख्ने हस्ताक्षर कमजोर बन्दै गएको र आगामी दिनमा सुधार गर्न तालिमले सहयोग गर्ने बताए ।

# मित्र मिलनको नाफा २५ लाख

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-४ मा रहेको मित्र मिलन बहुउद्देश्यीय सहकारी संस्थाको २२ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।




बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरी न्यौपाने, युसेस बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष उत्तम शर्मा ढकाल, राष्ट्रिय सहकारी बैंक हेटौंडाका शाखा प्रमुख रामेश्वर अर्याल नारायणी बहुउद्देश्यीय सहकारीका अध्यक्ष जंगबहादुर गुरुङललगायतको आतिथ्यता रहेको थियो ।

सहकारीले गत आर्थिक वर्ष २०७८/०९९ मा २५ लाख ८८ हजार ४ सय ३२ रुपैयाँ नाफा गरेको खरेलले बताए । कुल ८ सय ७४ जना शेयर सदस्य आबद्ध रहेको सहकारीको शेयरपूँजी १ करोड १९ लाख ८६ हजार रुपैयाँ रहेको छ ।

सहकारीको प्रतिवेदन-अनुसार १ करोड ४८ लाख ८ हजार १९ रुपैयाँ निक्षेप रहेको संस्थाका व्यवस्थापक रामहरी खर ेलले जानकारी दिए । संस्थाका अध्यक्ष भोलाप्रसाद शर्मा खरेलको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका मेयर हरिबहादुर महतको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि महतले सहकारीले उत्पादनमुखी क्षेत्रमा काम गर्नुपर्ने बताए । सहकारीले ऋण लगानी गर्ने र ब्याज लिने भन्दा पनि विभिन्न कार्ययोजना तयार पारेर उत्पादनका क्षेत्रमा लाग्नुपर्ने बताए । उनले उपमहानगरपालिका सहकारीसँग सहकार्य गरी अगाडी बढ्न तयार रहेको समेत बताए ।

साधारणसभाका अवसरमा संस्थाले ज्येष्ठ शेयर सदस्य २ जना, असल बचतकर्ता २ जना, असल ऋणी २ जना, उत्कृष्ट कर्मचारी एकजना साथै एसईईमा उत्कृष्ट अंक ल्याउन सफल शेयर सदस्यका छोर ाछोरी ९ जनालाई सम्मान गरेको थियो ।

कार्यक्रममा हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, जिल्ला

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |


Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

**मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि**

**प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना**

मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ-आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती,
फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।**

***"तपाई, हामी सबैको कुरा"***

साझाकुरा

**हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**






साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल